श्री

ललितपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री टेकनाथ गौतम

<u>आदेश</u>

मुद्दा नं. ०८२-C१-०९८४

कुमार चिमोरियाको जाहेरीले नेपाल सरकार............................................................................. वादी

विरुद्ध

तुलसा भन्ने तुल्सी अधिकारी.......................................................................................... प्रतिवादी

<u>मुद्दा :-</u> आपराधिक लाभ (एक्सटर्सन),संगठिते अपराध र सम्पत्ति शुद्धिकरण(मनी लाउन्डरिङ) सम्बन्धी कसूर

यसमा प्रहरीद्धारा पक्राउ गरी उपस्थित गराईएका प्रतिवादी तुलसा भन्ने तुल्सी अधिकारीको बयान कार्य सम्पन्न भै थुनछेक प्रयोजनको लागि पेश भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणसमेत अध्ययन गरी वादी नेपाल सरकारकातर्फवाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री जनक प्रसाद घिमिरे र सहायक जिल्ला न्यायाधिवक्ताहरु श्री बसन्त अर्याल, श्री भरत कुमार मैनाली, तथा जाहेरवालाको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता श्री अमर थापा, अधिवक्ताहरु श्री बल्लभ बस्नेत, श्री उज्वल घिमिरे, श्री अनिल गिरी, श्री सिर्जना शर्मा र श्री सदिक्षा भुषाल तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री योगेन्द्र वहादुर अधिकारी, तथा अधिवक्ताहरु श्री डा.सुवास आचार्य, श्री सिता खनाल, श्री सीमा धामी, श्री विपना योगी, श्री सजना कोईरालाले गर्नु भएको बहस जिकिरसमेत सुनियो।

अब,थुनछेकतर्फ विचार गर्दा, प्रतिवादी तुलसा भन्ने तुल्सी अधिकारी समेतले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) र (२) तथा सोही दफा को उपदफा ३(ख) बमोजिम सोही ऐनको दफा ८ को उपदफा (१) ले निषेधित र (२) ले परिभाषित आपराधिक लाभ (एक्सर्टर्सन) सम्बन्धी कसूरमा सोही ऐन को दफा ९(च)(२) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा ९(क) बमोजिमको थप सजाय हुन तथा सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरीङ) निवारण ऐन,२०६४को दफा २ खण्ड (श)ले निर्देशित सोही ऐनको अनुसुचीको देहाय १ को खण्ड (ध) र नेपाल सरकारले मिति २०८१।०९।१८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सम्बद्ध कसूरको रुपमा थप तोकेको मध्ये (ख) मा सुचिकृत हुन्डी समेतका कसूरबाट आर्जित सम्पत्तिको प्रकृति, स्रोत, स्थान बदली कुल जम्मा विगो २१,१२,२०,४०६.१६।-( एक्काईस करोड बाह्र लाख बिस हजार चार सय छ रुपैया सोह्र पैसा) को सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४को दफा ३(१)(क)(ख) र (ग) विपरित ऐ. दफा ३को उपदफा (३) बमोजिमको कसुर गरेकाले निजलाई ऐ.

ऐनको दफा ३० को उपदफा (१) बमोजिमको ~~दोब्बर जरिवाना~~ गरी पीडितलाई क्षतिपुर्ति दिलाई भराई दिन भन्ने समेतको अभियोग मागदावी रहेको देखिन्छ।

जाहेरवाला कुमार चिमोरियाले आफू ललितपुरस्थित अटोमोबाइल व्यवसायी भएको र २०७५ सालतिर तुल्सी अधिकारीसँग चिनजान भएको, विपक्षीले आफू महेन्द्रा शोरुमको कर्मचारी भएको बताई विश्वास जितेपछि बुटवलमा भेटघाट भएको र दुवैबीच शारीरिक सम्बन्ध स्थापित भएपछि विपक्षीले उक्त सम्बन्ध सार्वजनिक गर्ने, परिवारलाई जानकारी दिने तथा जबरजस्ती करणीको मुद्दा हालिदिने धम्की दिँदै पटक—पटक डर, त्रास देखाई ब्ल्याकमेलगरी विपक्षीलाई नगद रकम, डेरा भाडा, फेन्सी पसल, अन्य व्यवसायका लागि लगानी, विद्यालय शुल्क, गरगहना, आईफोन खरिद गर्न लगाई तथा रकम लिई कुल करिब रु. ४ करोड ५० लाख बराबरको आर्थिक लाभ विपक्षीले लिई विपक्षी तुल्सी अधिकारी तथा उनका सहयोगीहरूविरुद्ध ठगी, आपराधिक विश्वासघात, ब्ल्याकमेलिङ (एक्सटर्सन) तथा आपराधिक लाभ सम्बन्धी कसुरमा कानुनी कारबाही गरी आफूबाट लिइएको सम्पूर्ण रकम फिर्ता गराइदिन र विपक्षीको सम्पत्ति तथा आयस्रोतसमेत अनुसन्धान गर्न माग सहितको जाहेरी दरखास्त परेको देखिन्छ।

जाहेरवालाले दिएको थप निवेदनमा विपक्षी तुल्सी अधिकारीले आफूले भनेअनुसार नगरे जबरजस्ती करणी (बलात्कार) सम्बन्धी मुद्दा हालेर फसाइदिने, सामाजिक रूपमा बदनाम गरिदिने तथा विभिन्न व्यक्तिहरूमार्फत धम्की र डरत्रास देखाउने कार्य गर्दै लामो समयसम्म आफूबाट ठूलो रकम तिर्न बाध्य पारिएको र उनले उक्त सम्पूर्ण कार्य डर, धम्की, ब्ल्याकमेल र आपराधिक लाभ (Extortion) को माध्यमबाट गराइएको उल्लेख गर्दै बैंक स्टेटमेन्ट, भौचर, चेक, व्हाट्सएप सन्देश, अडियो र फोटो लगायतका प्रमाणहरू पेश गरी ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभसम्बन्धी कसुरमा अनुसन्धान गरी वास्तविक बिगो कायम गर्न, रकम असुलउपर गराउन तथा संलग्न सबै व्यक्तिहरूमाथि कानुनी कारबाही गर्न माग सहितको थप निवेदन दिएको देखिन्छ।

प्रहरी प्रतिवेदनमा प्रतिवादी तुल्सा अधिकारीले वैधानिक आयको रुपमा तलब स्वरुप रु. ४,२७,०३३।— प्राप्त गरेको बैंक स्टेटमेण्टबाट देखिएको, निजले संचालन गरेको तुल्सा कलेक्सन प्रा.लि. मा लगानी गरेको रु. ५ लाख देखिएको उक्त कम्पनीले सम्बन्धित निकायमा पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ मा गरी जम्मा रु.२३,७९,३४७।- कुल कारोबार भई कम्पनी घाटामा रहेको देखिन्छ। तुल्सा कलेक्सन प्रा.लिको बैंक खाताहरुमा भएको कारोबार हेर्दा रु३,९२,३६,२५५।४६।- देखिन्छ। त्यस्तै निज प्रतिवादीले सुनवल -५ को कि. नं. ४१८ र ललितपुरको कि. नं. १४३० को घरजग्गा खरिद गरी हाल निजको नाममा कायम रहेको जग्गा खरिदको वैधानिक स्रोत खुल्न नसकेको अवस्था देखिएको

र निजको कम्पनी बाहेकका व्यक्तिगत बैंक खाताहरुमा रु.१५,०४,८३,६७५।४ को कारोबार भएको देखिएको साथै निजको वैदेशिक भ्रमण, दैनिक खर्च र बैंकिकङ कारोबारलाई समर्थित गर्ने कुनै वैधानिक आय स्रोत नभएको हुँदा सम्पत्ती सुद्धीकरणमा सम्बन्धि कसूरमा अनुसन्धान गरीपाउँ भन्ने प्रहरी प्रतिवेदन रहेको देखिन्छ।

खानतलासी तथा बरामदी मुचुल्कामा तुल्सा अधिकारीले संचालन गर्दै आएको तुल्सा कलेक्सन प्रा. लि.मा विभिन्न प्रकारका स्टोन, मोती, मुगा, ब्रास, ए.डी., क्रिस्टल, स्टेनलेस तथा टेम्पल गरगहना, माला, टप, ब्रासलेट लगायतका सामग्रीहरू न्याक, डमी तथा कपमा स्टोन राखिएको अवस्थामा फेला पारी प्रमाणहरू बरामद गरीएको भन्ने उल्लेख गरेको पाईन्छ। प्रतिवादी तुल्सी अधिकारीले गरिमा विकास बैंकमा लकरमा राखेको हलको मूल्य रु८४,६०,५००।— बराबरको सुनका गहनाहरु रहेको भन्ने पत्र व्यहोरा।

सह- प्रतिवादी समेत रहेकी नेलिका लामिछानेले अधिकार प्राप्त अनुसन्धान अधिकारी समक्ष बयान गर्दा तुल्सी अधिकारीसँग ब्रासलेट किन्न जाँदा निजसँग चिनजान भएको छ। निजसँग कुराकानी हुँदा कुमार चिमोरियासँग रिलेशनमा बसेपछि कुमार चिमोरियाले जागीर तथा व्यापार गर्नका लागि फेन्सी पसल खोली दिई खुट्टा टेकाई दिएका हुन् भनी तुल्साले भनेकी हुन्। निजसँग सोही बेलादेखी घनिष्ठता भई प्रतिवादी तुल्सा अधिकारीको काम आफूले गर्दिने गरेको र निजको खातामा आएको पैसा प्रतिवादीले घर मर्मत गर्नका लागि पठाएको र आफ्नो खातामा भएको अन्य पैसा दिदि भिनाजुले अमेरिकाबाट पठाएको हो भनी बयान गरेको पाईन्छ।

घटना विवरणका बिना कुमारी चिमोरियाले कागज गर्दा जाहेरवाला श्रीमान कुमार चिमोरिया चिन्तित भएको देखी सोधपुछ गर्दा तुल्सा अधिकारीको मायाजालमा परी शारिरीक सम्पर्क राख्न बाध्य पारे पश्चात निजले भने अनुसारका गरगहना एवं रुपैयाँ नदिए प्रहरीमा केश हाल्छु भनी धम्काउदै ब्ल्याकमेलिङ गरी हाल सम्म चार करोड पचास लाख रुपैयाँ लिसकेको र अझै डर त्रास दखाई रहेको भनी बताउनु भएको भन्ने व्यहोरा उल्लेख गरेको पाईन्छ।

अर्का घटना विवरण कागज गर्ने नवराज आचार्य, रुद्र प्रसाद आचार्यले गरेको कागज व्यहोरामा प्रतिवादी तुल्सा अधिकारीसँग जाहेरवाला माया जालमा परी शारीरिक सम्बन्ध राख्न बाध्य पारे पश्चात निज तुल्सा अधिकारीले धम्की समेत दिई रकम माग गरे पश्चात जाहेरवालाले आफ्नो बैंक खाताको चेक मेरो नाममा काटी रकम निकाली मैले जाहेरवालालाई दिएपछि निज जाहेरवालाले सो रकम तुल्सा अधिकारी वा निजले

पठाएका व्यक्तिलाई दिने गर्नुहुने रहेछ। पछि जाहेरवालाले भन्दा थाहा पाए भनी एकै मिलानको व्यहोरा उल्लेख गरेको पाईन्छ।

सुरेन्द्रभक्त सुवालले मौकामा कागज गर्दा चाइनाबाट तुल्सा कलेक्सनका नाममा ल्याएको समानको रकम जाहेरवालाले खातामा जम्मा गर्ने गरेको रहेछन् भनी उल्लेख गरेको पाईन्छ।

मौकामा असोक कुमार अग्रवालको घटना विवरण कागज हेर्दा जाहेरवालाले मलाई फोन गरी मेरो पसलमा आई भान्जा मोहित सिंहले भने बमोजिम रकम दिएको हो। सो रकम पछि भान्जाले पठाएको अर्को व्यक्तिले लिई गएको हो। पछि बुझ्दा तुल्सा अधिकारीको प्रभावमा जाहेरवाला परी सो रकम समेत दिने कार्य गरेको रहेछन् भनी उल्लेख गरेको पाईन्छ।

मौकामा हेमराज रसाईलीले गरेको घटनाविवरण कागज हेर्दा जाहेरवाला र प्रतिवादी तुल्सा अधिकारीसँगै आई सुनक गरगहना मेरो पसलबाट खरिद गरेका हुन् भन्ने व्यहोरा उल्लेख गरेको पाईन्छ। त्यसैगरी, सम्झना खड्काले समेत यी जाहेरवाला र प्रतिवादीसँगै आई आफूले संचालन गरेको पसल नजिकै रहेको शिलु खड्काको पसल २०७६ सालतिर खरिद गरेका हुन भन्ने व्यहोरा लेखाएको पाईन्छ।

त्यस्तै, घटना विवरण कागज गर्ने नीति गुप्ताले गरेको घटना विवरण कागजमा प्रतिवादी तुल्सा अधिकारीले आफूसँग ४ करोडमा घर किनेको र कर सस्तो पर्दछ भनेर २ करोड रुपैयाँको मात्र कागज बनाउन लगाएको र अन्य आफ्नो खातामा जम्मा गरेको रकम समेत सोही घर बेचे बापतको भएको आफू बाँकी पैसाको राजश्व तिर्न बाँकी रहेको भनी उल्लेख गरेको पाईन्छ।

त्यस्तै, प्रतिवादी तुलसा भन्ने तुल्सी अधिकारीले यस अदालतमा बयान गर्दा म अटो मोबायल्स फिल्डमा काम गर्ने भएकोले जाहेरवालासँग चिनजान भएको हो। म डिभोर्सी थिए। जाहेरवालाले श्रीमती क्यान्सरको विरामी छिन् भनी २०७५ साल तिर काठमाडौ बोलाई कोठा खोजी राख्नु भएको हो। हामी अघोषित रुपमा पति पत्नीको रुपमा बसेका थियौ। सँगै बसेका कारण म सँग नगद रकम लिएर जाहेरवालाले छोरीको फि बुझाउन लगेका हुन्। जाहेरवालाले मेरो नाममा खरिद गरिदिएको पसल निज आफैले फिर्ता लगेका हुन्। स्कुटर तथा सुनका गर गहना म आफैले खरिद गरेको हुँ। विवाह गर्छु भनी आश्वासन दिलाई जाहेरवालासँगै निजको घरमा बसेको र निजको श्रीमतीलाई केही नभएको थाहा भएपछि उक्त जाहेरवालाको घरबाट निकालेको तथा कुमारीपाटीमा रहेको पसल समेत जाहेरवाला आफैले लिएका हुन्। मेरा भएका सम्पुर्ण सम्पत्तिको आयस्रोत नै मेरो कम्पनी तुल्सा कलेक्सनको आम्दानी हो। मैले चाइनामा समेत व्यापार गर्नका लागि तुल्सा

एक्सपोर्ट एण्ड इम्पोर्ट नामक कम्पनी संचालन समेत गर्छु। सम्पत्ती सुद्धीकरण गर्ने जस्ता कुनै पनि कार्यमा आफू सहभागी जाहेरवालाले लगाएको आरोप झुटा हो। मेरो पसल ५ लाखको पुँजीमा सुरु गरिएको हो पछी बढेको कारोबार थाहा नभएकोले देखाईन। त्यसका कारण मेरो कम्पनी घाटामा देखिएतापनि कारोवार रकम धेरै देखिएको हो। राज्यलाई अपुग कर रकम तिर्न तयार छु। जाहेरवालाले पेश गरेको पेन ड्राईभका सन्दर्भमा जाहेरवालाले म नपाए मर्छु भनेर ब्ल्याक मेल गर्ने गर्थे सोही सन्दर्भमा गरेको गाली हो। अरु क-कसको भ्वाईस भ्वाईस हो मलाई थाहा भएन। साथै सहप्रतिवादी मध्येकी नेलिका लामिछानेलाई आफूले बहिनी बनाएको र नेपालमा भएको घरको मर्मत लगायतका कार्यका लागि निजलाई पैसा पठाएको हो। आफ्नो छोरीको कम्पनीको बैंक खातामा रहेको रकम तथा विदेश आउजाउ गर्ने खर्चको स्रोत तुल्सा कलेक्सन कम्पनीको आय नै हो। त्यस्तै अर्का सह प्रतिवादी प्रयास पोखरेल एउटै फिल्डमा काम गर्ने भएकोले निजसँग कारोबार भएको हो भनी उल्लेख गरेको पाईन्छ।

उपर्युक्त तत्काल प्राप्त प्रमाणको विश्लेषण गर्दा, जाहेरवाला कुमार चिमोरियाको जाहेरी व्यहोरा, निजले पेस गरेको थप विवरण सहितको निवेदन व्यहोरा, बुझिएका बिना कुमारी चिमोरिया, नवराज आचार्य, रुद्र प्रसाद आचार्य, हेमराज रसाईली समेतले गरिदिएको मौकाको कागज व्यहोरा, प्रहरीको प्रतिवेदन व्यहोरा, प्रतिवादीले अदालत समक्षको बयानमा जाहेरवालासँग सम्बन्धमा रहेको स्वीकार गरेको अवस्था, तुल्सा कलेक्सन प्रा.लिको सम्बन्धित निकायमा पेश गरेको भनिएको आय व्यय विवरणमा घटी कारोबार देखाउनुमा आफ्नो कमजोरी रहेको भनी प्रतिवादीले बयानमा उल्लेख गरेको अवस्था, उक्त कम्पनीको बैंक खाताको कारोबारको रकम तथा प्रतिवादीको बैंक खाताको कारोबार रकम, घर जग्गा सुनको विवरणलाई प्रतिवादीले आफ्नो भनी उल्लेख गरेको अवस्था, घटना विवरणका नितु गुप्ताको कागज व्यहोरा समेतका मिसिल संग्लन तत्काल प्राप्त प्रमाणको आधारमा हाल यी प्रतिवादी कसूरदार होईन रहेछन भन्न मिलेन।

अतःपछि थप प्रमाण बुझ्दै जादा ठहरे बमोजिम हुनेगरी हाल प्रतिवादीलाई हुन सक्ने सजाय समेतलाई दृष्टिगत गर्दा निज प्रतिवादी तुलसा भन्ने तुल्सी अधिकारीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राख्न ऐ. दफा ८० बमोजिम थुनुवा पूर्जी दिई सम्बन्धित कारागार कार्यालयमा थुनामा राख्न पठाईदिनू भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ।

न्यायाधीश

प्रतिवादी- तुलसा भन्ने तुल्सी अधिकारी

ईति सम्वत २०८३ साल जेठ महिना २१ गते रोज ५ शुभम्.............................................।